## नगर कार्यपालिकाको बैठक नं. २/२०७९/८०

आज मिति २०७९/०५/२३ गते बिहिवार दिनको ११:०० बजे क.उ.म.न.पा.को सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको दोस्रो बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

**छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-**

(१) वडा नं. १८ मोतिसर मा.वि. भवन निर्माण सम्बन्धमा ।

निर्णय :- क.उ.म.न.पा. वडा नं. १८ मोतिसर स्थित मोतिसर मा.वि. भवन निर्माण योजनाका लागि रु. २००००००/- (अक्षरेपी दुई करोड मात्र ) बजेट संघीय सरकारको विशेष अनुदानबाट प्राप्त भएको रकम तथा तराई मधेश समृधि सशर्त अनुदान कार्यक्रमबाट स्वीकृत योजना अन्तर्गतको रकम रु. ३५०००००/- (अक्षरेपी पैतिस लाख मात्र ) मा रु. १५०००००/- (अक्षरेपी पन्ध्र लाख मात्र) म्याचिंग फन्डबाट जम्मा गरि जम्मा रु. २५००००००/- (अक्षरेपी दुई करोड पचास लाख मात्र) प्राप्त भएको र योजनाको लागत इस्टिमेट भुई तल्ला र पहिलो तल्लाको जम्मा रु.२८००००००/- (अक्षरेपी दुई करोड असि लाख मात्र ) भएको हुँदा बाँकी रकम रु. ३००००००/- नगरपालिकाबाट थप व्यवस्था गरि उक्त योजना बोलपत्र आहान गरि संचालन गर्दा लागत इस्टिमेट भन्दा घटीमा बोलपत्र सकार हुन सक्ने सम्भावना रहेको हुँदा हाल उक्त योजना संचालनका लागि बोलपत्र आहान गर्ने निर्णय गरियो ।

(२) बेलपाती मंदिर निर्माण योजना भुक्तानी सम्बन्धमा ।

निर्णय :- मिति २०७८/११/११ को ८०औ कार्पालिका बैठकको बुँदा नं. २ को निर्णय अनुसार वडा नं. ६ स्थित बेलपातीमाई मन्दिर जिर्ण भएकोले जिर्णोद्धारको योजना रहेको छ र उक्त मन्दिरसंग जोडिएको सडकको क्षेत्राधिकार ५ फीट कायम रहेको छ र ५ फीट क्षेत्राधिकारको जग्गा छोड्दा मन्दिरको पुजापाठ र परिक्रमा गर्न कठिनाइ हुने भएकोले उक्त मन्दिरको लागि १ फीट सडक क्षेत्राधिकार तोक्न वडा कार्यालयबाट अनुरोध भई आएकोले उक्त मन्दिरको हकमा मात्र १ फीट सडक क्षेत्राधिकार कायम गर्ने निर्णय गरिएको थियो ।सो योजना कार्यान्वयन गर्दा सोको उपभोक्ता समितिले १ फीट छोड्नु पर्नेमा नछोडी बनाएको बेलापातीमाई मन्दिरको कार्य सम्पन्न हुन नसकोले भएगरे जति अधुरो कार्यको प्राविधिक मुल्यांकन तयार भए अनुसार अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

(३) वडा नं.१ पर्सा, स्थित ज्ञान ज्योती प्रा.वि. र कलैया गाउँ स्थित नमुना आधारभुत विद्यालय भवन निर्माण तथा मर्मत र वडा नं. ४ को वडा कार्यालय भवन निर्माण गर्न जि.स.स.संग बजेट मांग गर्ने सम्बन्धमा ।

निर्णय :- वडा नं.१ पर्सा, स्थित ज्ञान ज्योती प्रा.वि. र कलैया गाउँ स्थित नमुना आधारभुत विद्यालय भवन निर्माण तथा मर्मत गर्न साथै वडा नं. ४ को वडा कार्यालय भवन निर्माण गर्न

रु. २५०००००/-को दरले रु ७५०००००/- जि.स.स. बारा संग योजना तथा बजेट मांग गर्ने र सोहि बराबरको रकम नगरपालिकाबाट मैचिंग गर्ने निर्णय गरियो ।

(४) सामुदायिक भवनको नाम जग्गादाताको नाममा राख्ने सम्बन्धमा ।

निर्णय :- क.उ.म.न.पा. वडा नं. ९ को कित्ता नं. १४०२ र १४०४ को ज.वि. ०-०-४ वडा नं. ९ को भू.पु. वडा अध्यक्ष डा.अख्तर आलम अन्सारीको नाममा दर्ता रहेको जग्गा सामुदायिक भवन निर्माणको लागि दान गरेकोले सो सामुदायिक भवनको नाम **"डा.अख्तर अंसारी सामुदायिक भवन"** राख्ने निर्णय गरियो ।

(५) आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय :- तपसिल अनुसारका व्यक्ति/संस्था/समुहहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(क) वडा नं. १, महिला शान्ति समुह — ५००००/-

(ख) वडा नं. १५, शंकर राउत — रु. ५०००/-

(ग) वडा नं. १५, रत्न राउत अहिर — रु. १००००/-

(घ) वडा नं. ८, लालति देवी सोनारिन — रु. २५०००/-

(ङ) वडा नं. २०, रबिना खातुन — रु. २५०००/-

(६) बैंक रोड (हजारी मार्केटको पश्चिम तर्फबाट उत्तर एन.सी.सी. बैंक जाने बाटो ) को सडक मापदण्ड सम्बन्धमा ।

निर्णय :- बैंक रोड (हजारी मार्केटको पश्चिम तर्फबाट उत्तर एन.सी.सी. बैंक जाने बाटो ) को सडक २४ फीट तथा दायाँबायाँ नाला फुटपाथको लागि ३-३ फीट गरि जम्मा ३० फीटको सडक कायम गर्ने निर्णय गरियो । साथै ३० फीट भित्रमा रहेका घर, टहराहरु हटाउने निर्णय गरियो ।

(७) पुरानो बस्तीहरुको गली सडक ढलान सम्बन्धमा ।

निर्णय :- यस नगरपालिका अन्तर्गतका पुरानो बस्तीहरुको गली सडक आवश्यकता अनुसार ढलान गर्ने गराउने निर्णय गरियो ।

(८) संविधान दिवसको उपलक्ष्यमा रक्तदान कार्यक्रम गर्ने सम्बन्धमा ।

निर्णय :- संविधान दिवसको उपलक्ष्यमा कलैया जेसिजसंगको सहकार्यमा यस नगरपालिकाको हाताभित्र बृहत रक्तदान कार्यक्रम आयोजना गर्ने र उक्त रक्तदान कार्यक्रममा सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीलाई रक्तदान गर्ने निर्णय गरियो ।

(९) धर्म सांस्कृतिको लागि आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय :- मिति २०७८/०६/२५ को ७५ औ बैठकको बुँदा नं. ५ को निर्णय अनुसार प्रत्येक वडालाई रु.१२५०००/- का दरले धर्म साँस्कृतिको लागि छुट्याइएको थियो । हाल सो रकम महगाईको कारणले अपुग भईरहेको देखिएकोले थप रु. २५०००/- गरेर जम्मा रु १५००००/- यस कलैया उपमहागरपालिका अन्तरगतका सम्पूर्ण धर्मावलम्बीहरुका चाडवाड,

जात्रा, पूजाआजा, सास्कृति छाल्किने क्रियाकलापका लागि प्रत्येक वडालाई आर्थिक सहयोग उपलब्ध गराउने र थप खर्च आवश्यक परेको खण्डमा सम्बन्धित वडाले बेहोर्ने निर्णय गरियो ।

(१०) कलैया रमाईलो मेला सम्बन्धमा ।

निर्णय :- कलैया रमाईलो मेला संचालन गराउनका लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

(११) वडा नं. ११, श्री ने.रा.आ.वि. विश्वम्भरपुरको शौचालय निर्माण सम्बन्धमा ।

निर्णय :- वडा नं. ११ श्री ने.रा.आ.वि. विश्वम्भरपुरको अधुरो शौचालय निर्माण सम्पन्न गर्न को लागि माग भए बमोजिम रु. ३०००००/-मा नबढ्ने गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

(१२) श्रेणी विहिन कर्मचारी भर्ना सम्बन्धमा ।

निर्णयः यस उपमहानगरपालिकामा दरबन्दी अनुसारको ५०% भन्दा कम कर्मचारी रहेको र खरिदार ना.सु. को संख्या एकदम न्यून रहेकोले कार्य सम्पादन गर्न कठिनाई भईरहेकोले प्रदेश लोक सेवा आयोगबाट कर्मचारी माँग सम्बन्धमा मिति २०७९/०५/०२ गते पत्राचार गरिएको तथा प्रदेश लोकसेवा आयोगको सचिव ज्यूसँग मौखिक कुराकानी हुदाँ हाल प्रदेश लोकसेवा आयोगले कर्मचारी पठाउने सम्भावना समेत न रहेकोले आयोगबाट कर्मचारी नआएसम्मको लागि काममा सहजता होस भन्ने उदेश्यले नागरिकलाई सहज रुपमा सेवा प्रवाह गर्न स्थानीय वासीहरुबाट कार्यालयको आवश्यक्ता अनुसार श्रेणी विहीन कर्मचारी ज्यालादारीमा खटाउने निर्णय गरियो।

(१३) नगर प्रहरी सम्बन्धमा ।

निर्णयः बजार ब्यवस्थापन, ट्राफिक ब्यवस्थापन, विना इज्जाजत निर्माण घर टहरा रोक्का गर्ने, स्थानीय मेला ब्यवस्थापन, कार्यालयको सुरक्षा लगायत अन्य कार्यहरु गर्नको लागि नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि नभएकोले कार्यविधि बने पछि सोहि बमोजिम हुने गरि हाल लाई ३० जना भन्दा बढी नहुने गरि ज्यालादारीमा नगर प्रहरी खटाउने निर्णय गरियो ।